# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**8th MARCH 2012**


| वर्ष- २९ | अङ्क- ११ | होलि पुन्हि | फालगुण २०६८ |
|---|---|---|---|





कञ्जुसहरू देवलोकमा जाँदैनन्, मूर्खहरू दानको प्रशंसा गर्दैनन्, धीर पण्डितहरू दानको अनुमोदन गरेर दानको पुण्यले परलोकमा सुख प्राप्त गर्दछन् ।

पृथ्वीको राज्य, स्वर्ग जान पाउने भाग्य अथवा सारा संसारको आधिपत्य भन्दा पनि उत्तम "स्रोतापत्ति फल" (धर्मको स्रोतमा परी संसारिक दुःखबाट मुक्त हुने वाटो पछ्याइसकेको भाग्य) को प्राप्ति हो ।

हंसहरू सूर्यपथ (आकाश) मा उड्छन्, ऋद्धिद्वारा योगी पनि आकाश मार्गमा भ्रमण गर्छन, तर ससैन्य मारलाई जितेर बुद्धिमान पण्डितहरू यस लोकबाट पार भएर जान्छन् ।

यो संसार अन्धो छ, आँखा हुने मानिस थोरै मात्र छन् । जालबाट मुक्त हुने चराहरू जस्तै थोरै मात्र स्वर्ग जान्छन् ।


प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५५
नेपाल सम्वत् ११३२
इस्वी सम्वत् २०१२
बिक्रम सम्वत् २०६८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# गौतम बुद्धलाई चिन्ने प्रयत्न गरौं

गौतम बुद्ध ८० वर्षको उमेरका परिनिर्वाण (देहावसान) हुनुभयो । यस घटनाले सबै संस्कार अनित्य एवं परिवर्तनशील रहेको प्रमाण दियो । आफ्नो जीवनकालमा उहाँले पूरा गर्नुपर्ने सम्पूर्ण काम कर्त्तव्य सम्पन्न गर्न भ्याउनु भयो । धर्म र विनय निरन्तर एवं सुचारू रूपमा सञ्चालन गर्नको लागि धर्मोपदेश दिनुहुंदै भिक्षु संघ स्थापना गर्नुभयो । तर उहाँले आफु वितेपछि बुद्ध शासन सञ्चालन गर्नको लागि भनेर उत्तराधिकारी नियुक्त गर्नु भएन । उहाँले प्रचार गर्नु भएको धर्म र विनय नीतिलाई मै गुरू मान्नु भनी आफ्ना शिष्यहरूलाई सल्लाह दिनु भएको थियो । बुद्धत्त्व प्राप्ति पछि उहाँले कसैलाई पनि दुःखबाट मुक्त गरिदिन्छु भनी झूठो आश्वासन दिनु भएको थिएन ।

उहाँ भन्नुहुन्छ – "**तुम्हेहि किच्चं आतप्पं अक्खातारो** तथागता अर्थात् मुक्ति प्राप्तिको लागि आफ्नो काम आफैले गर्नुपर्छ । तथागत बुद्ध त सिर्फ मार्ग देखाइदिने मार्ग प्रदर्शक मात्र हुनुहुन्छ ।

भगवान बुद्ध फेरि भन्नुहुन्छ – "**सुद्धि असुद्धि पच्चत्तं नाञ्ञ अञ्ञं बिसोधये**" अर्थात् शुद्ध र अशुद्ध हुनु त आ-आफ्नो हात र कामको खेल हो । कसैले कसैलाई शुद्ध गर्न सक्दैन । – *मज्झिम निकाय*

शुद्ध व्यक्ति वन्नको लागि त भगवान बुद्धले देखाउनु भएको मार्गमा हिंडी आ-आफ्नो आचरण राम्रो पार्नु परेको छ । अनिमात्र दुःखबाट मुक्ति मिल्नेछ ।

अंगुत्तर निकाय अध्ययन गरेर हेर्दा भगवान बुद्ध एक सर्वोत्तम आश्चर्यको व्यक्ति हुनुहुन्छ भन्ने कुरा बुझिन्छ । उहाँ नानाप्रकारका विकार एवं कुसंस्कारबाट मुक्त हुनुहुन्छ । जसरी कमलको फूल फोहर हीलोमा फुले पनि त्यस फोहरबाट अलग्ग रही माथि उठी फुलिरहेको हुन्छ, त्यसरी नै भगवान् बुद्ध पनि अशुद्ध क्लेशले युक्त व्यक्तिहरूले भरिएको संसारमा जन्म लिनुभई ती क्लेशहरूबाट मुक्त हुनुभई परिशुद्ध, निर्मल एवं पवित्र महामानव बन्न सफल हुनुभयो । उहाँ आफ्नो मनको वसमा होइन मनलाई आफ्नो बसमा राख्न सफल हुनुभयो ।

भगवान बुद्ध यथावादी तथाकारी हुनुहुन्छ अर्थात् उहाँले जसरी बोल्नुहुन्छ, त्यसरी नै काम पनि गर्नुहुन्छ । उहाँको राम्रो एवं आश्चर्यपूर्ण गुणहरू मध्ये यो पनि एक हो ।

आफू सम्पूर्णरूपले परोपकारी एवं निस्वार्थ बन्न सफल भइसकेपछि मात्र उहाँले अरूहरूलाई पनि असल चरित्रको व्यक्ति बन्ने सल्लाह एवं उपदेश दिने गर्नुभयो ।

बुद्धले कुनैपनि धर्मग्रन्थलाई आँखा चिम्ली प्रमाणको रूपमा मान्नुहुन्न । स्वतन्त्र चिन्तनलाई प्राथमिकता दिनुहुने भगवान बुद्धको यो अर्को एक स्मरणीय गुणले भरिएको विशेषता हो । – *अंगुत्तर निकाय*

यसको मतलब त्रिपिटकलाई पनि विश्वास नगर्नु भनेको चाहिं पक्कै होइन । जसरी आमाले पकाएर खान दिएको खानामा कहिले काहिं मसीना ढुङ्गा, तरकारीमा रौं आदि आउन सक्छ । यति हुने वित्तिकै खाना नै नखाइ फालि दिनेत कुरै आउदैन । गलतीबस मिसिएर आएको ढुंगा र रौं केलाएर फाली बाँकी खानालाई प्रसन्न चित्तले खानु नै बुद्धिमानी हुनेछ । यसरी नै त्रिपिटकमा पनि कतिपय चित्त नबुझ्दा कुराहरू मिसिएका हुन सक्छन् । त्यसलाई हामीले केलाउँदै पञ्छाउनु बुद्धिमानी हुनेछ । उदारणको लागि भगवान बुद्ध राजगृह र अम्बलट्ठिकाबाट नालन्दा पुग्नु भयो । त्यहाँ सारीपुत्र भन्तेले भगवान् बुद्धको प्रशंसा गर्नुभएको कुरा महापरिनिर्वाण सूत्रमा उल्लेख छ । तर त्यस समय भन्दा पहिले नै सारीपुत्र भन्ते परिनिर्वाण (देहावसान) भइसकेको थियो । चित्त नबुझ्दा यस्ता कतिपय घटनाहरूको उल्लेखले त्रिपिटकलाई नै विरोध गर्नु मूर्खता हुनेछ । यसलाई हामीले समझदारीपूर्वक केलाएर पञ्छाउनु नै बुद्धिमानी हुनेछ । हामीलाई चाहिएको त भगावन् बुद्धले दिनुभएको अमूल्य शिक्षाको निचोड हो । जुन शिक्षाले हाम्रो मनभित्र रहेका मयल पखाल्न मद्दत गर्दछ ।

भगवान् बुद्धले भिक्षुहरूलाई भन्नुभएको थियो–

**कुल्लुपमं भिक्खवे धम्मं देसिस्सामि नित्थणत्थाय नो गहणत्थाय**" – *मज्झिम निकाय*

अर्थात् भिक्षुहरू ! म तिमीहरूलाई डुंगाको उपमा



Downloaded from http://www.dhamma.digital

दिएर धर्मको उपदेश दिंदैछु । जसरी डुंगा नदी तरेर पार जानको लागि प्रयोग गरिन्छ, त्यसरी नै धर्म संसारको दुःखबाट पार तरेर जानको लागि प्रयोग गरिन्छ । डुंगालाई सही ढंगले प्रयोग गर्न नजानी डुंगा प्रति अति प्रेम भाव राखी काँधमा वोकी नदी पार गर्न खोज्ने व्यक्ति जसरी दुर्घटनाको शिकार बनिने छ, त्यसरी नै हामीले पनि धर्मको सही अर्थ बुझ्न नसकी मेरो धर्म र तेरो धर्म भनी अन्ध श्रद्धाको भ्रममा परी धर्मलाई प्रशंसा मात्र गर्दै हिंड्यौं भने हामी अहंकारी बनी साम्प्रदायिक भावनारूपी समुन्द्रमा फसी हामी दुर्घटनाको शिकार बन्नेछौं । त्यसैले हामीले धर्मको सही परिभाषा बुझी यसले देखाएको शिक्षालाई आ-आफ्नो जीवनमा अभ्यास गर्नु उत्तम हुनेछ ।

"भगवान् बुद्ध फेरि भन्नुहुन्छ–

"**पूजा च पूजनेय्यानं एतं मंगल मुत्तमं**" अर्थात् पूजा गर्न योग्य व्यक्तिलाई पूजा गर्नु नै कर्त्तव्य र धर्म हो" । तर उहाँले कहिले पनि आफूलाई देवताको रूपमा पूजा गर्नु भन्नु भएन । उहाँले भन्नुभएको छ – "म मरेपछि मेरो सम्झना गरी मलाई देवता थानी पुष्प, धुपले पूजा गर्नु भन्दा तिमीहरू अप्रमादी (होशियारी) बनी धर्मप्रचार गर्नु र आ-आफ्नो आचारण शुद्ध पारी जीवन सफल पार्नु ।

"**अप्पमादेन सम्पादेथ**" अर्थात् वेहोशी र लापरवाही नबनी दुःखबाट मुक्त हुने प्रयत्न गर्नु । योग्य व्यक्तिलाई पूजा गर्नु तर अन्ध विश्वासी बनी होइन ।

– *महापरिनिर्वाण सूत्र*

तर भगवान बुद्धको मनसाय यसरी प्रष्ट उल्लेख भएपनि उहाँको परिनिर्वाण पश्चात् धेरैजसो मानिसहरूमा भगवान बुद्धको उपदेश अनुसार आचरण राम्रो पार्ने तर्फ भन्दा पनि बुद्ध मूर्ति निर्माण गर्दै भक्तिमार्ग तर्फ ढल्कने बानी परेको देखिन्छ । यसलाई पुरानो संस्कारको पुनर्जागरण भन्न सकिन्छ ।

अन्त्यमा आएर हामी यही भन्न सक्छौं– भगवान् बुद्धको आदर्शलाई हामीले पनि आआफ्नो जीवनमा प्रयोग गर्न सकेमा हामीले बुद्धलाई चिन्न बेर लाग्दैन । जब बुद्धलाई चिन्न सफल हुनेछौं, तब हामीले धर्मलाई डुंगाको रूपमा प्रयोग गर्न सफल हुनेछौं । डुंगालाई सही रूपले प्रयोग गर्न सकेपछि हामी अवश्य पनि गन्तव्य स्थानमा पुग्न सफल हुनेछौं । यस्तो सफलता हामी सबैले प्राप्त गर्न सकौं । ❖

# धम्मपद – २४९

✍ **प्राज्ञ रीना तुलाधर (बनिया)**
*'परियत्ति सद्धम्म कोविद'*

**तिणदोसानि खेत्तानि – रागदोसा अयं पजा**
**तस्मा हि वीतरागेसु – दिन्नं होति महप्फलं**

अर्थ– खेतको दोष घाँस हो, मनुष्यको दोष राग हो, त्यसैले राग नभएका व्यक्तिलाई दान दिनुको फल महान हुन्छ ।

**तिणदोसानि खेत्तानि – दोस दोसा अयं पजा**
**तस्मा हि वीतदोसेसु – दिन्नं होति महप्फलं**

अर्थ– खेतको दोष घाँस हो, मनुष्यहरूको दोष द्वेष हो । त्यसैले द्वेष नभएका व्यक्तिहरूलाई दान दिनुको महान फल हुन्छ ।

**तिणदोसानि खेत्तानि – मोहदोसा अयं पजा**
**तस्मा हि वितमोहेसु – दिन्नं होति महप्फलं**

अर्थ– खेतको दोष घाँस हो, मनुष्यहरूको दोष मोह हो, त्यसैले मोह नभएका व्यक्तिहरूलाई दान दिनुको फल महान हुन्छ ।

**तिणदोसानि खेत्तानि – इच्छा दोसा अयं पजा**
**तस्मा हि विगतिच्छेसु – दिन्नं होति महप्फलं**

अर्थ– खेतको दोष घाँस हो, मनुष्यहरूको दोष इच्छा हो, त्यसैले इच्छा नभई सकेका व्यक्तिहरूलाई दान दिनुको फल महान हुन्छ ।

घटना– उपरोक्त गाथाहरू भगवान बुद्धले पण्डुकम्बल शिलासनमा बस्नु हुंदा अंकुर देवपुत्रको कारणमा भन्नु भएको थियो ।

एक समय अनुरूद्ध स्थविर भिक्षाटनको लागि एउटा गाउँमा जानु भएको थियो । इन्दक भन्ने देवताले आफ्नो भोजनबाट एक चम्चा खाना स्थविरलाई दान दिएको थियो । यही पुण्यले यति फल प्राप्त भयो कि त्यस दानको फलले अंकुरले दश हजार वर्ष सम्म १२ योजन दुरिको चूल्होमा पकाएर दान दिएको भन्दा बढी महान फल प्राप्त भयो । इन्दकले यसरी फल प्राप्त गरेको कुरा अंकुरले भने । जब अंकुरले यस्तो भने तब तथागतले भन्नुभयो– "अंकुर, दान दिँदाखेरी छानी छानीकन दिन जान्नु पर्दछ । यसरी दान दिँदा जसरि असल माटोमा रोपेको बिउबाट राम्रो उब्जनी हुन्छ, त्यसरी नै पुण्य धेरै प्राप्त हुन्छ । तिमीले दान दिँदाखेरि यसरी गरेनौ, त्यसैले तिम्रो दानको फल कम भयो ।

यो कुरा स्पष्ट गर्न बुद्धले भन्नुभयो– "हे अंकुर दान दिँदा खेरी छानी छानी दिनुपर्छ, यसरी दिँदा महान फल प्राप्त हुन्छ । दान दिन योग्य भएका व्यक्तिहरूलाई दान दिँदा खेरी महान फल प्राप्त हुन्छ, जसरी असल भूमिमा रोपेको बिउले राम्रो उब्जनी दिन्छ ।"

यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो । ❖



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

✍ सत्यनारायण गोयन्का
*अनुवादक- विश्व शाक्य*

जीवनमा एउटा ठूलो भ्रान्ति चल्छ । हामी सदैव बहिर्मुखी हुनु नै यसको मूल कारण हो । सदैव अरूहरूलाई नै देखिरहेका हुन्छौं, बाहिरको परिस्थितिलाई नै देख्ने हुन्छौं । त्यसैले दोष सदैब बाहिरकोलाई मात्र दिन्छौं । स्वयं दु:खी होइन्छ तर दु:खको कारण बाहिर खोजिन्छ । बाहिरको घटना, स्थिति, वस्तु, व्यक्तिलाई नै आफ्नो दु:खको कारण मानिन्छ र सुधारको लागि सारा श्रम लगाउने हुन्छौं । कसरी बाहिरको स्थिति आफ्नो मनोनुकूल होस् ? बाहिरका हरेक व्यक्तिलाई कसरी हाम्रो मनोनकूल आचरण गर्न लगाउन सकिन्छ ? यसको लागि सारा जीवन अर्पित गरिदिन्छौं तर हालमा असफलतामात्र पर्ने हुन्छ । दु:ख निवारण हुँदैन ।

आफ्नो बारेमा एउटा मिथ्या कल्पना गरेर बस्न थाल्यौं कि म  बडो शुद्ध छु, निर्मल छु, मुक्त छु । तर सत्यता यो हो कि म र मेरोमै राग भरिएको हुन्छ, द्वेष भरिएको हुन्छ । सत्यताबाट मुख फर्काउँदैमा, भाग्दैमा र पलायन हुँदैमा समस्या समाधान हुँदैन, निवारण हुँदैन ।

विपश्यना यसैका लागि हो कि अन्तर्मुखी भएर आफैले आफूलाई हेर्न सकोस् । जस्तो छ त्यस्तै देखोस् । यदि यतिखेर मेरो चित्त रागरञ्जित छ, मोह-विमूढित छ भने त्यसलाई यसरी नै हेरोस् , देखोस् । यदि रोगीले आफ्नो रोगको सही जान-पहचान गर्छ र त्यसको कारण पत्ता लगाउँछ भने कारणलाई, पन्छाएर ऊ रोगबाट विमुक्त हुन्छ भन्दै बस्छ, त्यो कहिल्यै पनि रोगबाट मुक्त हुनसक्तैन । सारा जीवन भ्रम र धोखामै बित्ने हुन्छ । हामीले आफ्नै दोषको दर्शन गर्नुछ, आफ्नै दु:खको दर्शन गर्नुछ । दु:खको दर्शन गर्नुको अर्थ निराशामा डुब्नु होइन ।

यदि धर्मले केवल सर्वत्र दु:खमात्र छ, जन्मदेखि लिएर मृत्युपर्यन्त दु:खै-दु:खमात्र छ, यसबाट पार पाउने कुनै आधार छैन भनेका भए अवश्य पनि बडो निराशाजनक कुरा हुन्थ्यो । यस्तो धर्म हाम्रो लागि आवश्यक पनि हुने थिएन । तर कल्याणकारी कुरा यो हुन गएको छ कि दु:खको सत्यतालाई स्वीकार गर्नुका साथै हामीले यो पनि स्वीकार गरेका छौं– दु:ख त छ त्यो सत्य हो तर त्यसबाट बच्ने उपायहरू पनि छन् । यस सत्यतामा कति धेरै आशाले भरिएको छ । सारा जीवन आशाले भरिभराउ होस् निराशाको नामोनिशान नहोस् । धर्ममा आशा- आशामात्र अलिकति पनि निराशा होइन । सम्पूर्ण दु:ख विमुक्तिको मार्ग प्राप्तभयो, त्यो पनि तत्काल फलदायी हुने मार्ग । यस मार्गमा एक-एक पाइला अगाडि सार्दै हेर्दै जाऔं कसरी दु:खबाट छुटकारा पाउँदै आइरहेका छौं । जति-जति अभ्यास गर्दै जान्छौं उति-उतिं मनको मैला पखालिँदै जान्छ, उति-उति भार हलुङ्गो हुँदै जान्छ । यसै जीवनमा जब यसको प्रत्यक्ष प्रभाव देखा पर्न थाल्नेछ त जीवनमा कति आशा त जाग्नेछ ! आँचल धेरै मैलो छ, त्यसलाई देखेर रूने छैन । साबुन हाम्रो हात लागिसकेको छ । साबुन प्रयोग गर्ने विधि पनि जानिसकेका छौं । अब साबुन प्रयोग गरेर मैला पखाल्नेछौं । अब निराशा कहाँ ?

एउटा कुरा बडो राम्ररी सम्झनुपर्ने हुन्छ कि हाम्रा आफ्ना दु:खका लागि हामी आफै जिम्मेदार छौं, अरू कोही हुँदैनन् । हामी स्वयं नै आफ्नो पागलपनमा आएर नादानीमा अज्ञान अवस्थामा आफूभित्र मैलमाथि मैले थुपारि रहन्छौं र परिणामत: व्याकुल भैरहन्छौं । यी मैलाहरू हामी आफैले थुपारेका हौं, हामी आफैले सफा गर्न पर्ने हुन्छ । अरू कोही कसैले के गरिदिन्छ ? अरूले त प्रेमपूर्वक बाटा देखाइदिन सक्दछन् तर बाटामा हिँड्न त हामीले नै पर्दछ । त्यसैले हामी अन्तर्मुखी हुँदैछौं, स्वमुखी हुदैछौं । पराईमुखी धेरै भयौं, बहिर्मुखी पनि धेरै रह्यौं अब स्वमुखी भएर प्रज्ञा जागृत गर्नुछ ।

ठीक तरिकाले सम्झौं कि प्रज्ञा के हो ? उसबेलाको भाषामा प्रज्ञाको अर्थ हुन्थ्यो– "**पकारेन जानेती ति पञ्ञा,**" नानाप्रकारले जान्नु प्रज्ञा हो । अर्थात् विभिन्न कोणबाट ज्ञान अभिवृद्धि गर्नु प्रज्ञा हो । एकाङ्गी दृष्टिले कुनै पनि व्यक्ति-वस्तुलाई, घटना–स्थितिलाई हेरियो भने, त्यो आंशिक दर्शन हुन्छ भ्रामक हुन्छ । अनेकान्त दृष्टिले हेर्न थालियो वा भिन्न भिन्न दृष्टिले त्यही कुरालाई हेर्न थाल्यो भने सर्वाङ्गीण दर्शन हुन थाल्दछ । सम्पूर्ण दर्शन हुन थाल्दछ । भनिएको कुरा ठीक-ठीक सम्झियोस्, प्रज्ञा अनेकान्त दृष्टिले हेर्नको लागि हो, एकान्त दृष्टिले हेर्नको लागि होइन । जसलाई सर्वाङ्गीण दर्शन हुन थाल्नेछ, कुरा ठीक-ठीक बुझ्न थाल्नेछ, त्यसको हरेक कदम ठीक हुनेछ । हरेक काम ठीक हुनेछ, हरेक निर्णय ठीक हुनेछ ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास-१३

✍ के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

यदि यो कुरो मानें भने कि कुनै कुरो बन्नलाई एक श्रृष्टिकर्ता हुनु पर्दछ जो कि यो भन्दा पहिले बनेको थियो; तर्कको हिसाबले यो स्पष्ट हुन्छ कि उक्त श्रृष्टिकर्ताको पनि कुनै श्रृष्टिकर्ता हुनुपर्दछ; र यसरी नै अनन्तमा पुगिन्छ । अर्कोतिर यदि बिना कुनै अर्को श्रृष्टिकर्ताको कारणले कुनै श्रृष्टिकर्ता बन्न सक्छ भने सारा तर्क घराशायी हुन्छ । श्रृष्टिकर्ताको सिद्धान्तले कुनै समस्या समाधान गर्दैन, यसले त सिर्फ अन्य सिद्धान्तहरूलाई मात्र अल्झाउँछ ।

यसरी संसारको श्रृष्टिका सिद्धान्तहरूतिर बुद्ध धर्मले खास ध्यान दिंदैन । ईश्वरले संसारको श्रृष्टि गरेको हो कि यो आफै नै बनेको हो- यी कुराहरूले बौद्धहरूलाई कमै मात्रै फरक पार्छ । संसार सीमित छ कि अनन्त, यसले पनि बौद्धहरूलाई कमै मात्रै फरक पार्छ यी सैद्धान्तिक विचार हरूमा लाग्नु भन्दा बौद्ध धर्मले आफ्नो मोक्षको लागि कडा मेहनत गर्न मानिसहरूलाई सल्लाह दिन्छ ।

### सिद्धान्त कि दर्शन

**बुद्धत्व खालि ज्ञानको परिणाम मात्रै होइन ।**

बुद्ध धर्म यस संसारका हरेक जीवित प्राणीको सुखको लागि जीवनको सच्चा मार्ग हो । दु:ख कष्टबाट मुक्त हुने र अनन्त मोक्ष प्राप्त गर्ने यो एक तरिका हो । बुद्धका शिक्षाहरू कुनै एक राष्ट्र वा जातिसम्म मात्रै सीमित छैन । न त यो कुनै धर्म-विश्वास हो, न त कुनै विश्वास मात्रै । यो त समस्त ब्रह्माण्डको लागि एक उपदेश हो । यो त सँधैको लागि एक उपदेश हो । सबैको लागि सेवा, सुभेच्छा र शान्ति दिनु नै यसको प्रयोजन हो । मान्छेलाई दु:खबाट मुक्ति वा मोक्ष दिनु नै यसको प्रयोजन हो । बुद्ध धर्मका मोक्ष व्यक्तिगत र स्वयं प्राप्त गर्नु पर्ने खालको छ । जसरी तिमी आफैले खानु, पिउनु र सुत्नु पर्दछ त्यसरी नै तिमी एक्लैले आफूलाई बचाउनु पर्छ । बुद्धले दिनुभएको सल्लाहले मुक्तिको बाटो अंकित गर्छ; तर उहाँको सल्लाहलाई कहिलै पनि एक सिद्धान्तको रूपमा लिनलाई चिताइएको थिएन । उहाँले कुन सिद्धान्तको प्रचार गर्नु भएको हो भनेर उहाँसँग सोधिएको बेला बुद्धले उत्तर दिनु भयो कि उहाँले कुनै पनि सिद्धान्तको प्रचार गर्नु भएको थिएन र जे जति उहाँले प्रचार गर्नु भयो त्यो उहाँको आफ्नै अनुभवको परिणाम थियो । यसरी उहाँको शिक्षाले विश्वलाई कुनै सिद्धान्त टक्रयाउँदैन । सिद्धान्तले कसैलाई पनि आध्यात्मिक पूर्णताको नजिक ल्याउँदैन । सिद्धान्तहरू त मनलाई बाँध्ने र आध्यात्मिक उन्नतिलाई रोक्ने बन्धन मात्रै हुन् । बुद्ध भन्नु हुन्छ, "विद्वान्हरूले गइरहेका सिद्धान्तहरूप्रति श्रद्धा राख्दैन । उनीहरूले आफूलाई किन बाँध्ने ? उनीहरू आफूले देखेका र सुनेका सबैकुरालाई विश्वास गरेर गएका हुन् ।"

सिद्धान्त ज्ञानको परिणाम हो र बुद्धले मानव ज्ञानको सीमा बुझेको थियो । ज्ञान मार्गमा लागेर मात्रै कसैले मुक्ति पाउन सक्दैन । हुन त यो कुरा हास्यास्पद देखिन्छ; तर पनि यो सत्य छ । ज्ञानीहरू आफ्ना अमूल्य समय अध्ययन, विवेचना र तर्क वितर्कमा नै बढि खर्च गर्न खोज्छन् । अभ्यासको लागि प्राय:गरेर उनीहरूसँग समय हुँदैन वा थोरै मात्रै समय हुन्छ । एकपल्ट बुद्धले बाण लागेर घाइते भएको एक जना मान्छेको कथा भन्नु भएको थियो । आफ्ना कुतुम्बहरूलाई बाण झिक्न लगाउन डाक्टर खोज्न पठाउनुको सातो त्यो मान्छेले पहिले कसले उसलाई हानेको, कालो कि गोरो, कहाँबाट आएको, कुन वस्तुबाट बाण बनिएको, कसले बाण बनाएको, आदि पत्ता लगाउनमा ढिपि गरे । बुद्धले औंल्याउनु भयो कि यी कुराको उत्तर पाउनु भन्दा धेरै अगाडि नै त्यो मान्छे मरिसक्ने छ ।

अभ्यास नगर्ने तर पढि मात्रै रहने व्यक्ति त्यो मान्छे जस्तै छ जसले कुनै बाक्लो पाकशास्त्रको पुस्तक कण्ठ भन्न सक्छ तर जो खाना बनाउन भान्छामा कहिलै पस्दैन । उसले किताबले मात्रै आफ्नो भोक कहिलै मिटाउन सक्दैन । त्यसैले अभ्यास बुद्धत्व प्राप्तिको लागि एक आधारभूत तत्व हो । बुद्ध धर्मका कुनै समुदायहरूमा, जस्तै कि जेन्★ मा अभ्यासलाई ज्ञानलाई भन्दा बढता मान्यता दिइएको छ ।

एक महान विचारक (दार्शनिक, वैज्ञानिक, तत्वज्ञानी, आदि) पनि एक बुद्धिमान मूर्ख बन्न सक्छ; त्यस्तो व्यक्ति छिट्टै बुझ्ने र मिल्ने गरी स्पष्टसंग व्याख्या गर्ने शक्तिबाट

★ *जापानमा प्रचलित बुद्ध धर्मको एक ध्यान समुदाय । अनु.*

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# सत्य वचनको प्रभाव

✍ भिक्षु अश्वघोष

सत्य सबैलाई मन पर्छ । सस्तो पनि छ यो । तर खोज्न गयौं भने यसलाई पाउन सजिलो छैन । सिद्धार्थ कुमारले सत्यको आधारमा नै बोधिज्ञान प्राप्त गरी बुद्ध हुनु भएको थियो । संसारमा अहिलेसम्म भगवान् बुद्धको जति पनि पूजा र सम्मान भइरहेका छन्, ती सबै उहाँको सत्यको प्रभावले नै हो ।

पालि साहित्यमा उल्लेख भए अनुसार भगवान् बुद्धले सत्य क्रिया गर्नुभएको वैशालीमा रहनु भएको बेलाको घटना हो यो । त्यसबखत वैशालीमा अनिकाल परेको थियो । पानी परेन । खानाको अभाव भयो । मानिसहरू खान नपाएर विरामी पर्न थाले र भोकभोकै मर्नथाले । हाहाकार मच्चिन थाल्यो । यस्तो अनिकालमा भगवान् बुद्ध प्रमुख भिक्षुहरू भिक्षाटन जान मिलेन । खाद्य वस्तु, अन्न जगेडा भएका दाताहरूले विहारमा खाद्य वस्तु दान गर्न ल्याए । खान नपाएका मानिसहरूले चोरेर लान थाले ।

यस्तो समस्या आइपरेकोले वेसहारा मानिसहरूले सहारा र उपाय खोज्न थाले । ती मध्ये कोही मानिसहरू बुद्ध समक्ष आई यसरी प्रार्थना गर्न थाले –

"शास्ता ! हामीलाई ठूलो विपत्ति आइपऱ्यो । यो अनिकालबाट छुट्कारा पाउन कसैले त अनेक तन्त्र मन्त्र गरी त्राण लिनपुगे । हामीलाई त भगवान् बुद्ध बाहेक अरूमा विश्वास छैन । त्यसैले हामीलाई यस समस्याबाट मुक्ति दिलाउनु केही उपाय त गरिदिनै पऱ्यो भगवान् । उनीहरूको कुरा सुनी भगवान बुद्धले सोच्नुभयो –

"मानिसहरूको मन कमजोर भइसक्यो । यो समस्या हटाउन मैले केही सहयोग त गर्नै पर्छ । अब मेरो सत्य परीक्षाको समय आयो । यति सोच्नु भई उहाँले सत्य क्रिया गर्नुभयो – "मैले दरबार त्यागेर आएको नै अरुको उपकारको लागि हो । दरबार त्यागेदेखि अहिले सम्म मैले कुनै पनि झूठो कुरो बोलेको छैन । सत्यताको आधारमा बोलिरहेको छु । सत्यताकै आधारमा काम पनि गरिरहेको छु । मनले समेत सत्य मात्र चिन्तन मनन गरिरहेको यही सत्यताको बलले नै मैले बुद्धत्त्व प्राप्त गरी बुद्ध भएँ । मेरो मन, मेरो मैत्री र करूणा शुद्ध र सत्य छ भने मेरो काम पनि सत्य छ भने यस सत्य वचनको प्रभावले शान्ति स्वस्ति होस्, मानिसहरूको रोग,नाश होस् र वर्षा होस् ।"

यसरी भगवान् बुद्धले सत्य क्रिया गर्नुभएपछि वैशालीमा खूब वर्षा भयो । दुर्गन्ध सबै बगाएर शान्तिले स्थान लिएको चर्चा पालि साहित्यमा उल्लेख भएको छ ।

आजभोली पनि परित्राण पाठ सिद्धिने वित्तिकै सत्यवचनको प्रभावले जयमंगल होस् भनी कामना गर्दै यसरी सत्य क्रिया गर्ने चलन छ–

**"एतेन सच्च वज्जेन सोत्थिते होतु सब्बदा**
**एतेन सच्च वज्जेन सब्बरोगो विनस्सतु**
**एतेन सच्च वज्जेन होतु ते जय मंगलं ।"**

अर्थात् यस सत्य वचनको प्रभावले शान्ति स्वस्ति होस्, रोग नीको होस्, यस सत्यवचनको प्रभावले जयमङ्गल होस् ।

यही प्रसंगवस् सत्य वचनको प्रभावले प्रत्यक्ष असर परेको कुरा जातक कथामा उल्लेख भएको छ । यसलाई यहाँ प्रस्तुत गर्न उपयुक्त ठान्दछ ।

एकजना युवक गृहस्थ जीवन देखि विरक्तिएर भिक्षु बन्न गयो । साथीहरूले त्यसरी त्यागी न बन्न सल्लाह दिए । तर उसले साथीहरूको कुरा नमानी अट्टेरी बनी भिक्षु भए । त्यस भिक्षु कहाँ एक महिला आफ्नो बालक छोरोलाई साथमा लिई प्रवचन सुन्न आउने गर्थिन् । प्रवचन सुन्ने वेलामा छोरो आफ्नो श्रीमान्लाई जिम्मा लगाउने गर्थिन् । उनको श्रीमानलाई त्यसभिक्षु प्रति श्रद्धा नभएकोले होला बुद्धवचन सुन्न आउँदैनथ्यो र आफ्नी श्रीमतीको आग्रह अस्वीकार गर्न नसकी बालक छोरोलाई खेलौना एउटा ठम्याउन दिई बाहिर चउरमा खेलाई रहने गर्थ्यो । एकदिन बालकको खेलौना एउटा प्वालमा पसेछ । त्यस प्वालमा सर्प रहने गर्थ्यो । खेलौना प्वालमा पसेकोले हात पसारी खेलौना लिन खोजेको बालकलाई सर्पले डसेछ । छोरो सर्पको टोकाईले वेहोश भएको देखी आत्तिएर बालकको बुबा प्रवचन सुनिरहेकी श्रीमतीलाई यो खवर दिएर भन्न थाल्यो– "तिम्रो गुरुलाई हाम्रो बेहोश छोरोलाई होश मा ल्याउन मन्त्र पढ्न अनुरोध गर । वालकको आमाले त्यस भिक्षुलाई आफ्नो छोरो बचाउनु अनुरोध गरिन ।

भिक्षुले भन्यो –



Downloaded from http://www.dhamma.digital

मलाई मन्त्र त आउँदैन तैपनि सत्य वचन बोली यस वालकलाई सर्पको बीष हटाउन प्रयत्न गर्नेछु । यति भनी त्यस भिक्षुले सत्यकिरिया गरे –

म संसार देखि विरक्तिएर भिक्षु बन्न खोज्दा मेरो साथीहरूले मलाई भिक्षु नबन्न सल्लाह दिएका थिए । तैपनि मैले उनीहरूको आग्रहलाई वास्ता नराखी भिक्षु बनें । तर म भिक्षु बनेर एकवर्ष पछि यस भिक्षु जीवन देखि वाक्क लाग्न थाल्यो । तैपनि साथीहरूले गिजाउने डरले भिक्षु जीवन त्याग्ने साहस भएन । त्यसैले भिक्षु जीवन मन नपरे पनि म ३० वर्ष सम्म वाध्य भई भिक्षु बनीरहें । यो सत्यवचन हो । यो सत्य वचनको प्रभावले यस वालकको शरीरमा फैलिएको विष झरेर जावस् ।

भिक्षुको यस सत्य किरियाको प्रभावले त्यस वालकको शरीरमा फैलिरहेको विष टाउकोवाट झरी गर्दन सम्म ओर्ल्यो । त्यसैले वालकले आँखा खोल्यो । त्यसपछि वालकको बुबाले पनि उनकी श्रीमतीलाई सत्य किरिया व्यक्त गर्न सल्लाह दिए –

श्रीमान्को आग्रह स्वीकार्दै वालककी माताले यसरी सत्य किरिया व्यक्त गरिन् –

“मलाई मेरा मातापिताले यस केटासंग विवाह गरिदिए । तर मलाई यो श्रीमान पटक्कै मन पर्दैनथ्यो । तैपनि वाध्य भएर म यिनीसंग जीवन विताइरहेको छु । यो सत्यवचन हो । यो सत्यवचनको प्रभावले मेरो छोरोको विष झरेर जावस् त्यस महिलाको सत्यवचनको प्रभावले त्यस वालकको शरीरमा फैलिरहेको विष कमर सम्म झरेर गयो ।

वालकको शरीरमा फैलिएको विष सत्यवचनको प्रभावले कम हुँदै गएको देखी वालकको माताले आफ्ना श्रीमान्लाई पनि सत्य वचन् व्यक्त गर्न अनुरोध गरिन् अनि वालकको पिताले पनि आफ्नो सत्य क्रिया व्यक्त गर्न थाल्यो ।

“मलाई मेरी श्रीमती यो भिक्षु कहाँ आई प्रवचन सुन्न आउने मलाई पटक्कै मन पर्दैनथ्यो । तैपनि श्रीमतीको मायाले केही भन्न नसकी वाध्य, भएर सहेर बसिरहेको छु । यो सत्य वचन हो, यो सत्य वचनको प्रभावले यस वालकको बिष कम भएर जावस् ।

यो सत्यवचनको प्रभावले वालकको शरीरका फैलिएको बिष झरेर गई बालक जुरूक्क उठेर पहिला जस्तै बिष रहित हुन सफल भयो । यही हो सत्य वचनको प्रभाव ।

# दुःख भित्रै सुख खोज्न सिक

✍ **डा. गणेश माली**

अनित्य छ परिवर्तनशील यो विश्व,
केही पनि स्थीर रहँदैन यहाँ,
सुख सुख भन्दै सुख पछि लागी
हरपल सुख पाइन्छ कहाँ ?
आज जहाँ छ सुखको ढेर,
भोलि त्यहाँ दुःख हुन के वेर ? ॥१॥

जन्मपछि युवा अनि प्रौढ भई ,
काम गरेर अनेक वित्यो
घरजम गरी परिवार वसाली
केटा केटी हुर्काई बस्यो,
आखिर आयो बुढपा हाय ।
प्रेम गुमायो आफ्नो
सुन्ने शक्ति कानको गयो,
दाँतहरू सब झरी गए,
सुन्दर केश लामो कालो
आखिर खल्वाट पारि गयो,
कुप्रो भैकन लौरो टेकी
वाँच्नु छ आखिर जीर्ण भई
हो यही अनित्य स्वभाव जगतको ॥४॥

दुःख आउँछ दुःख लाई नै
सुख सम्झी कन वाँच्न सिक,
न भई नहुने माथि नरोई
हाँसी हाँसी वाँच्न सिक,
सुख कै लागि मरिमेटे पनि
दुःख कहाँ पो आउँदैन र ? ॥३॥

परिवर्तन कै क्रममा आउँछ
एक दिन मृत्यु पनि अवश्य,
यो नै प्रकृतिको खेल आखिर
जीवनको दुःख सब हरि लिने ।
तव जीवनभर गरि काम राम्रो
शान्त भईकन मर्न सिक ॥४॥



Downloaded from http://www.dhamma.digital

# संसारले मानिसलाई बाँधेको छैन

✍ नरेन्द्रनाथ भट्टराई

सबै मानिस भन्छन्, संसारको बन्धन अति कडा छ। छुटाउनै नसक्ने चुँडाल्न नसक्ने छ। संसार-बन्धनबाट छुटाउ: भगवान्, भनेर प्रार्थना पनि गरिरहेका हुन्छन् । वास्तवमा संसारले बाँधेको छैन हामी आफैले आफूलाई संसारमा बाँधेका छौं ।

यी संसारवन्धनबाट कसरी मुक्त हुने भन्ने प्रश्न लिएर एकजना राजा महात्माकहाँ गएर निरन्तर प्रश्न गर्दथे । महात्माले अनेक तरहले सम्भ्काउँदा पनि राजाको चित्त बुझेन। महात्माले राजालाई आज यिनको चित्त बुझाइदिनै पऱ्यो भन्ठानी “ल हिँड एकैछिन घुमेर आउँ तिम्रो चित्त बुझाइदिउँला” भनेर राजा र सन्त जंगलतिर घुम्न गए। बाटोमा एक ठाउँमा महात्माले एउटा रूखलाई दुवै हातले फेरो मारेर अँगालो हालेर कराउन लाग्नुभयो “लौ न ! मलाई यो रूखले समायो यो रूखलाई छुटाईदिनु पऱ्यो राजा !” राजाले आश्चर्य मान्दै भने “के भनेको ? रूखले कहाँ तँपाईंलाई समाएको छ ? बरू म त तपाईंले नै रूखलाई समाउनु भएको देख्छु ।” महात्माले भन्नुभयो- “हे राजा ! त्यसो नभन रूखले मलाई अँठ्याइरहेछ, यसबाट छुटकारा दिलाइ दिनुपऱ्यो तिमी यस्ता पराक्रमी छौ ।” महात्माको कुरा सुनेर हाँस्दै राजाले भने, “तपाई जस्ता महात्माले पनि यस्तो असत्य कुरा भन्नु हुन्छ ? तपाईले आफ्नो हात रूखबाट भिक्नोस् त ?” महात्माले रूखबाट हात भिकेर राजालाई भन्नुभयो, “लौ त राजा तिम्रो सवालको जवाफ अब त तिमीबाटै आयो, प्रत्यक्ष पनि भयो होइन त ? यो संसारबाट छुट्ने उपाय पनि यही हो । संसारले बाँधेको छैन तिमी आफैले संसारलाई अँगालो हालिरहेका छौ । तिमीले नै अँगालो भिक, तिमी मुक्त छौ ।” भनिन्छ, राजालाई आफ्नो मूर्खताको ज्ञान भयो र उनी तत्कालै ज्ञानी बने ।

अर्कालाई देखाइन्जले आफूलाई जान्न सकिन्न। बन्धन र मोक्ष बाहिर छैन । आफै हो आफ्नो बन्धन, आफै आफ्नो मोक्ष हौ ।

तथ्य कुरा जान्नु नै मोक्ष हो । बेहोशमा रहनु अर्थात् अज्ञानमा रहनु वन्धन हो । ❖

---

(१) **जसरी श्वासको साथै प्रश्वास र प्रश्वासको साथै श्वास चल्दछ, त्यसरी नै मैत्रीको साथै शान्ति र शान्तिको साथै मैत्री आइहाल्दछ ।**

(२) **कदम चाहिं नचाल्ने तर कुरा भने हजारौं मील टाढाको गर्ने मानिस जहाँको तहीँ भएझैं धर्ममा अनुशासन चाहिं पालना नगर्ने तर सारा वेद पुराणका कुरा गर्ने ब्यक्ति पनि कहिल्यै धार्मिक बन्न सक्दैन ।**

(३) **न. कहिं जानुछ, न केही हुनुछ, न केही बन्नुछ, न त केही गर्नु नै छ, चित्तको आन्तरिक स्थिति चैतन्यमा निवास मात्र गर्नुछ ।**

(४) **देहबिना पनि चित्त रहन्छ तर चित्त बिना देह रहन सक्दैन । देहलाई चित्त ठान्नु अज्ञान हो, देह चित्तबाट अलगग छैन भनी जान्नु ज्ञान हो ।**

*साभार- परमात्माको दर्शन*
*(चिन्तन द्वारा)*

---

## बुद्ध र म

✍ राजीब बज्राचार्य
ल.पु. भिन्छे, बहाल

बुद्ध म गर्छु तिमीलाई
सादर प्रणाम ।
बुद्ध भुमीमा जन्में म
तिमीलाई पच्छाई रहने छु
जनम जनम
बुद्ध बाणीमै हुर्के म
तिम्रो लिला अपरमपार
म आई रहेको छु तिम्रो द्वार
बुद्ध म गर्छु तिमीलाई
सादर प्रणाम ॥
बुद्धम् सरणम् गच्छामी
बदली गयौ तिमीले यो संसार
बुद्ध बाणी मै हुर्के म
तिम्रो लिला अपरमपार
तिमीलाई चिन्न सके हुन्छ सार
धंम्मम् शरणम गच्छामी
बुद्ध म गर्छु तिमीलाई
सादर प्रणाम
बुद्ध भुमीमा जन्में म
तिम्रो लिला अपरमपार
म आइरहेको छु तिम्रो द्वारा
बदली गयौं यो संसार
संघम् शरणम् गच्छामी ॥



Downloaded from http://www.dhamma.digital

# भिक्षु कुमार काश्यप दिवंगत हुनुभयो

नेपालका नव उप संघनायक भिक्षु कुमार काश्यप महास्थविर ८५ वर्षको उमेरमा फागुन १४ गते आइतवार दिवंगत हुनुभएको छ। मिर्गौला र मस्तिष्कको नशा सम्बन्धि रोगबाट पीडित भिक्षु कुमार काश्यपको मोडल अस्पतालमा उपचारका क्रममा निधन भएको थियो ।

पाल्पा तानसेनका सन्तमान शाक्य र तेजलक्ष्मी शाक्यको कोखबाट वि.सं. १९८३ मा जन्मनुभएका भिक्षु कुमार काश्यप वि.सं. १९९९ मा भारतको कुशिनगरमा उ चन्द्रमणी महास्थविरको उपाध्यायत्व एवं भिक्षु प्रज्ञानन्दको आचार्यत्त्वमा श्रामणेर कुमारको नाममा श्रामणेर दिक्षित हुनुभएको थियो ।

भिक्षु कुमार काश्यप वि.सं. २००१ सालमा श्री ३ जुद्ध शम्शेरले देश निकाला गरेका ८ जना भिक्षु श्रामणेर मध्ये जीवित ऐतिहासिक एक मात्र भिक्षु हुनु हुन्थ्यो ।

श्रामणेर कुमार वर्मेली भिक्षु उ कोविद महास्थविरको उपाध्यायत्वमा उपसम्पदा प्राप्त गरी भिक्षु कुमार काश्यप हुनु भएको थियो । उहाँले श्रीलंकामा १२ वर्ष सम्म बुद्ध शिक्षा अध्ययन गर्नुभई नेपालका पहिलो र एकमात्र त्रिपिटकाचार्य भिक्षुको रूपमा आफूलाई चिनाउन सफल हुनुभएको थियो ।

उहाँका प्रकाशित पुस्तकमध्ये नेपाल भाषा तथा नेपाली दुवैमा प्रकाशित "**दश पारमिता**" लाई प्रशिद्ध कृतिको रूपमा लिन सकिन्छ। उहाँ म्यानमार सरकारबाट "**अग्ग महा सद्धम्म जोतिक धज**" उपाधिले विभूषित हुनुहुन्छ। यसरी नै उहाँलाई विपश्यना विशोधन बिन्याश दिल्लीबाट "**महासद्धम्म परियत्ति पदीप**" र श्रीलंकाबाट "**विद्यालंकार पद्मभूषण**" उपाधीले पनि विभूषित गरिएको थियो ।

आनन्दकुटी विहारका प्रमुख एवं आनन्दकुटी विहार गुठीका निवर्तमान अध्यक्ष रहनु भएका उहाँ भन्तेले आखिल नेपाल भिक्षु महासंघको गरिमामय अध्यक्ष पद दुईपटक सम्हाल्नु भएको थियो ।

धर्मोदय सभाका धर्मानुशासक, आनन्दभूमि पत्रिकाका प्रमुख सल्लाहकार उहाँ पूज्य भन्ते नेपाल लिपि गुथिका संरक्षक पनि हुनुहुन्छ ।

बुद्ध-शिक्षा प्रचार कार्यमा अमूल्य योगदान दिनुभई यस क्षेत्रमा आफ्नो जीवन समर्पण गर्नु भएका भिक्षु कुमार काश्यपको निधनले बुद्ध शासनको एक बलियो स्तम्भ ढलेको अनुभव गरिएको छ ।

भिक्षु कुमार काश्यपको पार्थिव शरीर फागुण १४ गते प्रदर्शनीमार्ग बुद्धविहारमा राखी १५ गते शोमवार स्वयम्भूस्थित आनन्दकुटी विहारमा लगिएको थियो । भने १६ गते मङ्गलवार उहाँको दाह संस्कार गरिएको थियो ।

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) प्रकाश वीरसिं तुलाधर, लाजिम्पाट रु. ४,५००।-
२) स्व हेरादेवीको नाउँमा शिशिर चित्रकारद्वारा रु. २०००।-
३) स्व. न्हुछेमान ताम्राकारको पुण्यस्मृतिमा छोरी अन्नपूर्ण तुलाधर 'नील सदन' नक्सालबाट रु. १,०५०।-
४) Dr. Somasiri Collure, Switzerlad Rs. 1000/–
५) साहेबलाल शाक्य, बनेपा स्व. न्हुछेरत्न शाक्यज्यूको पुण्यस्मृतिमा रु. १०००।-
६) हरिसंखर खैगुलि मानन्धर, गोदाम चोक, बनेपा रु. १०००।-
७) ज्वहारलाल शाक्य, बनेपाबाट स्व. पिता न्हुछेरत्न शाक्यको पुण्यस्मृतिमा रु. ५००।-
८) केशचन्द्र शाक्य, बनेपा रु. ५००।-
९) प्रतिभा मानन्धर, ताहाचल रु. १०००।-
१०) वण्णवती गुरुमा मार्फत नाम अप्रकट दाताबाट रु. ३००।-
११) रीता मानन्धर परिवार, कालिमाटी बालिकाहरू तथा भन्तेहरूलाई भोजन प्रदान
१२) सत्यराज शाक्य, मिनु, काठमाडौं रु. २००७।- र बालिकाहरू तथा भन्तेहरूलाई भोजन प्रदान

**आजीवन सदस्यः**

१३) बुद्ध भक्त रंजित, तीनदोबाटो, बनेपा रु. ५१००।-



Downloaded from http://www.dhamma.digital

# परित्राणको परिभाषा, महत्त्व र उपयोगिता

✍ मणिवती

परित्राण शब्द पवित्र र शक्तिशाली छ। चार अक्षरले बनेको यस शब्दको महत्त्व, उपयोगिता र शक्ति अशिम र असीमित छ । यदि हामीले सहि तरिकाले परित्राण पाठ गऱ्यौं र सुन्यौं भने यसको मनोवैज्ञानिक असरले विभिन्न प्रकारका शारीरिक तथा मानसिक रोग कम गराउन मद्दत मिल्नेछ । भगवान बुद्धको मैत्री, करुणा र सत्य वचनमा आधारित यस परित्राणमा उल्लेख भएको शिक्षा पालन गर्नसकेमा यही जीवन सुख शान्तिपूर्ण रहने मात्र होइन दु:खबाट मुक्ति निर्वाण प्राप्त गर्ने क्षमता समेत प्राप्त हुनेछ ।

परित्राण सँस्कृत शब्द हो । परिको अर्थ चारौं दिशातर्फबाट र त्राणको अर्थ भय उपद्रव नाश भन्ने बुझिन्छ । परित्राण बुद्धकालिन समय देखिनै प्रचलनमा आएको देखिन्छ । बुद्धकालिन समयमा सात दिन र सात रात्री परित्राण पाठ भएको वर्णन धम्मपद अट्ठकथामा उल्लेख भएको पाइन्छ ।

परित्राण पाठबाट सहिरूपमा फाइदा प्राप्त गर्नको लागि परित्राण पाठ गर्ने व्यक्ति र सुन्ने व्यक्तिहरूबाट तल उल्लेख गरिएनुसार नियमहरू पालन हुन अत्यावश्यक छ ।

***परित्राण पाठ गर्ने व्यक्तिमा हुनुपर्ने गुणहरू –***

(१) पालि शब्द शुद्ध तरिकाले पाठ गर्नसक्ने हुनुपर्छ ।

(२) पालि शब्दको अर्थ पनि बुझ्न सक्ने हुनुपर्छ ।

(३) पाठ सुन्ने व्यक्तिहरू प्रति मैत्रीयुक्त चित्त लिएर पाठ गर्नुपर्छ ।

***परित्राण पाठ सुन्ने व्यक्तिहरूमा हुनुपर्ने गुणहरू –***

(१) पञ्चमहापाप नगरेको व्यक्ति हुनुपर्छ ।

(२) नियत मिथ्यादृष्टि नभएको व्यक्ति हुनुपर्छ ।

(३) आफूले श्रवण गरिरहेको परित्राण प्रति विश्वासयुक्त चित्तले सुन्नुपर्छ ।

माथि उल्लेखित नियमहरू पुरा भएमा परित्राण पाठ सुनेर यसबाट प्रभावकारी लाभ प्राप्त गर्न सकिनेछ ।

परित्राणको महत्त्व र यस सत्यवचनको प्रभाव कति रहेछ भन्ने कुरा बुझाउन आजभन्दा २६ सयवर्ष अघिको बुद्धकालीन घटना प्रस्तुत गर्न चाहन्छु ।

बुद्धकालिन समयमा देवदह नगरकी सुप्रवासा गर्भवती भइन् । समय पूरा हुँदा पनि बच्चा जन्मन सकेन । सातदिनसम्म प्रसुति वेदनाले छटपटाइरहिन् । उनको श्रीमान् महाली तथागत बुद्ध समक्ष गई समस्या जाहेर गरेर यस समस्याबाट मुक्ती पाउन आशिर्वाद मागे। त्यसपछि भगवान् बुद्धले पवित्र मैत्रीयुक्त शुद्ध चित्तले सुप्रवासाको जय मंगल कामना गर्नुभई सत्यवचन प्रयोग गर्नुभयो र यहि सत्य वचनको प्रभावले सुप्रवासाको जयमंगल होस् भनी आशिर्वाद दिनुभयो । महाली अत्यन्त हर्षित भई तथागतलाई वन्दना गरी घर फर्के । घर पुग्दा सुप्रवासाले एकसुन्दर शिशु जन्माइसकेकी रहिछन् । परिवारको मन प्रफुल्ल हुनेगरी जन्मिएको उक्त बालकको नाम सीवली राखियो ।

यसरी नै अर्को घटना जुन बुद्धकालीन घटना नै थियो। यसलाई पनि यहाँ उल्लेख गर्न चाहन्छु। बुद्धकालीन समयमा वैशालीमा ठूलो दुर्भिक्ष भयो । समयमा पानी पर्न नसक्नाले खडेरीको कारण सबै ठाउँमा हाहाकार मच्चियो । खान नपाएर थुप्रै मानिसहरूले ज्यान गुमाए । दुर्भिक्ष भय, रोगभय र अमनुष्य भयले सतायो ।

भगवान् बुद्धले साँझपख वैशाली नगरको ढोकामा उभिनुभई भिक्षु आनन्दलाई रत्नसूत्रपाठ गरिदिन आज्ञा हुनुभयो । भिक्षु आनन्दले भगवान् बुद्धको आज्ञा शिरोपर गरी रतन शूत्र पाठ गरी परित्राण जल नगर भरि छरिदिनुभयो । यसलाई वैशाली नगरको रोगभय, दुर्भिक्ष भय र अमनुष्य भय शान्त हुनेगरी पानी परेको सत्य घटना पाली साहित्यमा उल्लेख गरिएको छ ।

राजा मिलिन्दले परित्राण सम्बन्धी प्रश्न गर्नुहुँदा भिक्षु नागसेनले चित्त बुझ्दो तरिकाले परित्राणको महत्त्व व्याख्या गर्नुभएको कुरा मिलिन्द प्रश्न पुस्तकमा उल्लेख गरिएको छ ।

यसरी परित्राण पाठ गरी गराई आजसम्म पनि बुद्धको सत्यवचनको प्रभावबाट फाइदा प्राप्त गरिरहेका व्यक्तिहरू धेरै छन् । यसमा विश्वासले ठूलो भूमिका खेलेको हुन्छ ।

❖



Downloaded from http://www.dhamma.digital

## यो पनि जानी राखे राम्रो ... ...

### पिताको स्मृतिमा छात्रावास

अर्खाखाँची, माघ ९ गते । व्यवस्थापन समितिका अध्यक्ष माधव पौडेलले आफ्ना बुबा मणिरामको वार्षिक पुण्यतिथिको अवसरमा कारिव ३० जना विद्यार्थीलाई बस्न मिल्ने चारकोठे छात्रावास भवन विद्यालयलाई हस्तान्तरण गर्नुभएको छ ।

अध्यक्ष पौडेलको पहलमा आठजना दाजुभाइ र पाँचजना दिदीबहिनीले चन्दा उठाएर दुई लाख ३७ हजारको लागतमा चारकोठे 'स्वर्गीय मणिराम पौडेल स्मृति छात्रावास' निर्माण भएको हो । आफ्ना स्वर्गीय पतिको नाममा निर्माण भएको छात्रावास एक कार्यक्रमका बीच चुमकला पौडेलले विद्यालयका प्रचार्य रोमाखर बञ्जाडेलाई हस्तान्तरण गर्दै यही छात्रावासमा वसेर पढ्ने विद्यार्थीलाई देशका लागि राम्रो काम गर्नेको प्रेरणा मिलोस् भन्ने शुभकामना दिनुभयो ।

*(साभार- 'गोरखापत्र' २०६८ माघ ९ गते)*

### चिकित्सक आफैंले रगत दिएर बिरामी बचाए

गोरखापत्र माघ ९ २०६८ दाङ, माघ ८ गते अत्यधिक रक्तश्रावका कारण बेहोस् अवस्थामा अस्पताल पुगेकी धनौरी-३ की ललिता चौधरीलाई डाक्टरले आफ्नै रगत दिएर ज्यान बचाएका छन् । पाठेघरमा हुनुपर्ने बच्चा डिम्बवाहिनी नलीमा बस्न पुग्दा सो नली फुटी अत्यधिक रक्तश्राव भएर बेहोस् अवस्थामा अस्पताल पुगेकी चौधरीको डाक्टरले रगत नदिएको भए ज्यान जाने सम्भावना थियो, चिकित्सकरूको भनाई छ । स्थानीय ब्लड बैंड्कमा रगत रहेनछ त्यसैले मेरो ब्लड ग्रुप मिलेकाले मैले आफै रगत दिनुपर्ने अवस्था आयो । उहाँले चौधरी अहिले खतरामुक्त रहेको जानकारी दिनुभयो ।

बिरामीका परिवारले डाक्टरले आफै रगत दिएर ज्यान बचाई दिएकोमा खुसी व्यक्त गरेका छन् । हामीसँग पैसा थिएन, ललिताका श्रीमान् मेघलालले भन्नुभयो, डाक्टरले अप्रेसन पनि गरिदिए, रगत र पैसाको पनि व्यवस्था गरिदिए । रगत निकाल्दा र अन्य उपचारका लागि लाग्ने आवश्यक रकम पनि सोही अस्पतालमा कार्यरत डाक्टर जनार्दन पन्थी जमानी बसेर सहयोग गर्नुभएको थियो । यस्तै अस्पताल प्रशासनले पनि आफ्नो जागिरबाहेक समाज सेवाको भावना भएका डाक्टर पाएकोमा खुशी व्यक्त गरेको छ । उपचार त सबै डाक्टरले गर्छन् । तर मानवीय संवेदनाको अभाव रहेको बेला डा. खनालले गर्नु भएको कामको जति सराहना गरे पनि कम हुन्छ, अस्पतालका अध्यक्ष विश्वराज न्यौपानेले भन्नुभयो । अस्पतालमा विशेषज्ञ डाक्टरहरू आउने र अप्रेसन गर्ने क्रम बढिरहँदा यता नेपाल रेडक्रस सोसाइटी दाङद्वारा सञ्चालित ब्लड बैंड्कमा भने ओ पोजेटिभ र बी पोजेटिभ रगतको अभाव भएको छ ।

*(साभार- 'गोरखापत्र' २०६८ माघ ८ गते)*

## मति भिंसा गति भिनी

**✍ अमीर कुमारी शाक्य**

स्वाँ स्वःसा भम्बःया चिप
लः स्वःसा न्याया चिप
विचाः याना स्वय् मसलकि
फुक्क फुकं हे चिप
अले तायूकि मनूतसें
थः छम्ह बाहेक मेपि फुक्कं हे चिप ।

शुद्ध मनं विचाःयाय् मफतकि
थः अशुद्धगु वाःहे चाइमखु
करपिनिगु जक दोष खंकाः
थः न्ह्यावले निदोर्षि जुयूत
कुतः यानाच्वनी आपालं मनूत
थःगु मनयात थम्हं कःघाय् मसलकि

न्ह्यागु ज्या खँ यायूत नं
मन हे मूख्य जुया च्वनी
मन मूख्य जूगु कारणं यानाः
मनं गथे धाल अथे हे याना च्वनी
मनं भिं मभिं छुतय् याय फतधाःसा
सायद मभिंगु ज्या वई मखु जुई सुनानं ।

मनु शुद्ध जुल कि भिंगु मती वई
भिंगु मति वल कि भिंगु कर्म याई
भिंगु कर्मया फलं भिंगु हे जुई
मन अशुद्ध जुलकि मभिंगु मती वई
मभिंगु मनं याइगु कर्म नं मभिंगु हे जुई
अले मभिंगु कर्मया फल नं मभिंगु हे वई ।

गन्यागु पुसा पिल अज्यागु हे फल सई
थ्व स्वाभाविक व सत्य खः
उकिं भिसं न्ह्यावलें लुमका तयूमाः
"मति भिंसा गति भिनी"



Downloaded from http://www.dhamma.digital

# अतीत ! कति त छलफलको विषय कतिपय बहस

✍ **शुभरत्न शाक्य**
*'परियत्ति सद्धम्म पालक'*

पत्रकार : बाबु तिमीले किन चीवर लगाएको ?

शुभरत्न : (मौन)

पत्रकार : फेरि किन चीवर छोडेको ?

शुभरत्न : (मौन)

पत्रकार : म यही कुरा बुझ्दिन। यी बच्चाहरू किन चीवर लगाँछन्। चीवर लगाउँदा रमाउँछन्, मानौं कुनै बोधिज्ञान पाएका छन् । फेरि एक्कासि किन चीवर छाड्छन् ?

शुभरत्न : मैले चीवर किन छोडें मलाई थाहा छैन। मलाई थाहा छ कि मैले चीवर लगाएँ राम्रो उद्देश्य लिएर मानौं आफ्नो कुनै हराएको धन फेला परेपछी मान्छे रमाउँछ त्यस्तै रमाउने पनि गर्थें । छोडें तर लाग्छ मैले छोडेर कुनै गल्ती गरिन ।

पत्रकार : हराएको धन फेलापरे जस्तै खुसी के ले दियो नि ?

शुभरत्न : स्वपहिचान, हो हामीले आफ्नो पहिचानलाई हराइरहेका थियौं । कि हाम्रो बनोट नाम र रुप को मिश्रण हो जुन अनित्य, दुःख र अनात्मा हो। त्यो कुरा बुद्धले बोधिज्ञान प्राप्त गर्दा बुझ्नु भएझैं नभएपनि नर्सरीको बच्चाले फाइनल जाँचमा A, B, C लेख्न जानेझैं मैले जानें । त्यसमा रमाएँ कुरा त्यति हो ।

पत्रकार : मैले तिमीलाई पिनाकल कलेजमा चिनेको, त्यो बेलामा मलाई तिमीले केही धर्मका किताबहरू पढ्ने गरेको बताउँथ्यौं ! के अहिले चीवर छोडेर पनि किताबहरू पढ्छौं ?

शुभरत्न : मैले चीवर त छोडें तर धर्मलाई छोड्न सकिन। चीवर लगाउनु भनेको बुद्ध शासनभित्र बस्नु हो। बुद्ध शासन भनेको विनय हो। जसले विनय फितलो पार्छ उसलाई महासमुद्रमा कसिङ्गरलाई टापुमा लगेर पुऱ्याए जस्तै पुऱ्याइदिन्छ। त्यो प्रक्रिया मलाई लाग्छ क्रितिम भन्दा पनि प्राकृतिक हो । तर त्यो फ्याँकिएको कसिङ्गर भिजेको अवस्थामा हुन्छ भने जस्तै मेरो मनमा धर्म प्रति श्रद्धा, केही गर्नुपर्ला भन्ने भावना विलिन हुन पाएन । कहिले काहीं अब कति विहार जानु भन्ने जस्तो लाग्छ त कहिले मनले उत्तैतिर तानेर लग्छ ।

यो सम्वाद एक पत्रकार अंकल र मेरो बिचको हो । यो मात्र होइन मलाई अरु धेरैले प्रश्नको लाम नै लाएर आउँथे । उनीहरूमा मुख्य प्रश्नको विषय "तिमीले किन चीवर छोड्यौ ?" भन्ने हुन्थ्यो । धेरै भन्दा धेरैले Girl Friend पायौ होला होइन।" भनेर हैरान पार्थे। "Girl Friend पाए पनि के त विहे गर्ने उमेर त भएछैन नी" भनेर कुरा टाल्थें । हुन त आजकलको जेनरेशन नै Breaking Heart र Berning Heart को War हो । नटुटे को नफुटेको कमैको मात्र हुन्छ । जो पनि मायाप्रीतिको नक्कलपार्छन् । दुई तीन महिना सँगैसँगै रमाउँछन् अनि Breakup सानोबेला लाएको माया पनि सानो हुँदो हो । तर मलाई त्यस्तोमा Interest छैन ।

चीवर छोडेकै कारणले मलाई Maitri FM बाट अर्न्तवार्ताको लागि बोलाइयो। अहिले पनि विहारमा जाँदा साथीहरू "जाउ फेरि विदेशमा गएर चीवर लगाएर आऊ।" भनी सल्लाह दिन्छन्। तर आजकल मलाई भिक्षु बन्ने रहर छैन, लाग्छ कुनै सान्सारीक जालमा फस्दैछु र गुनासो छैन । "के त्यागी जीवन मन नपरेकै हो त ? यो पेशालाई अब चटक्कै छोड्ने त ?" भनेर सोध्नेलाई भने "त्यसो त होइन" भनेर भन्छु । कीर्तिपुरका बसला उपासिकाले "तपाईं धेरै जान्ने भएकोले तपाईंलाई मार आएको हुनुपर्छ । म मेरो पुण्य तपाईंलाई पनि छोडिदिन्छु फेरि भन्ते बन्नु ! हामी दाताहरू छँदै छौंनी ।" भनेर कति अनुरोध गर्नुहुन्छ। तर खै मलाई के भएछ थाहा छैन। तर एउटा सत्य हो "मैले चीवर छोड्नु यो पहिलो घटना भने होइन ।" म भन्दा पहिलेका ब्याचहरूले पनि धेरैले चीवर छोडेर गए र पछि पनि धेरैले छोडेर गए ।

वास्तविक रुपमा भन्ने हो भने चीवर लगाउनुको मुख्य उद्देश्य निर्वाण प्राप्तिको लागि हो। निर्वाणको प्रथम दर्शन स्रोतापत्ति फलमा पुगेपछि हुन्छ। त्यस्को लागि भन्ते बन्ने हो । भन्ते बन्नुको लक्ष्य कुनै ठूलो विहार बनाउनु होइन, राम्रो-राम्रो चीवर लगाउन जान्नु पनि होइन, लाभ



Downloaded from http://www.dhamma.digital

सत्कार पाउनु होइन, Bank Balance बढाउनु होइन, यी सब कुराहरू साधन मात्र हो साध्य त दुःखबाट मुक्त हुनु नै हो । ठूलो-ठूलो विहार त उपासकहरूले नै दान गरिदिन्छ, नेताहरूले समाजबाट धेरै लाभ सत्कार पाउँछन्, धनी मानिसको Bank Balance हुन्छ त्यसैले भन्तेहरूको धन के हो त ? शील हो नीतिमा पनि यस्तो छ । "शीलमा बस्नै नसकेको हो त ?" भन्दा त्यो पनि होइन । म भन्ते बन्दा सिद्धिपुर गाउँमा साढे ११ महिनासम्म बसें । त्यहाँ मैले कठोर रुपमा नियम पालन गरें । विकाल भोजन पनि गरिन, अरु शीलहरूलाई भ्याए जती पालन गरेकै हो । खै के भुनुँ । भगवान् बुद्धले आनन्द प्रमुख भिक्षुहरूलाई परिनिर्वाण पछि तिमीहरूको शास्ता भनेको धर्म र विनय हो भन्नु भएको थियो । तर जब हामी श्रामणेर भएर विहारमा बस्यौं त्यो बेला सबैभन्दा पहिले त Home Sick जस्तो हुन्थ्यो । पछि साथीहरूसँग बस्दै जाँदा विहार नै घर जस्तो हुन्थ्यो । Group मा बस्नुपर्दा संघर्ष त हुन्छनै । संघर्ष कहाँ मात्र हुदैन र ! तर अझैपनि मलाई यकिनका साथ भन्न गाऱ्हो छ कि मैले किन चीवर छोडें ! मलाई लाग्छ नेपाली समाजले यस प्रक्रियालाई सहजरुपमा लिँदा राम्रो हुन्छ भन्ते गुरुमां बन्ने अधिकार सबैलाई छ र छोड्ने पनि । धर्म कुनै करकापको व्यापार होइन । चीवर लगाउँदा एउटा राम्रो भन्ते पायो र चीवर छोड्दा राम्रो उपासक पायो भनेर मनमा राख्न सकेमा दुःख मान्नुपर्ने कुनै कुरा छैन । म देख्छु मेरा कतिपय साथीहरू चीवर छोडेपछि विहारमा आउन अप्ठ्यारो मान्छन् । त्यतीसारो अप्ठ्यारो परिस्थिति हामी सृजना नगरौं किनकि उसले फेरि पनि बुद्ध धर्मलाई सहयोग गर्नेछ । ❖

**"सुखको कामना गर्ने मानिसलाई यो तृष्णारूपी नदी खुव राम्रो र प्यारो लाग्दछ । यसै कारण यस्ता मानिसहरू तृष्णाको नदीको प्रवाहमा (लपेटा) पर्दै वारंवार जन्म मरणको फन्दामा परिरहन्छन् ।" -धम्मपद**

**"मुर्खहरूले आफैलाई सत्रु बनाएर पाप कर्म गर्छन् । त्यही पाप कर्मको कटु फल पछि आफै लाई प्राप्त हुनेछ ।" -धम्मपद**

## शाक्यमुनी कीर्ति विहार निर्माणको लागि सहयोग गर्नुहुने दाताहरूको नामावली

| | दाताको नाम र ठेगाना | सहयोग विवरण |
|---|---|---|
| १. | नीलमान र पूर्णहीरा तुलाधर, त्यंगल (पिलर १ थान) | रू. १३,०००।- |
| २. | दिलबहादुर र ज्ञानमाया महर्जन, नगांचा | – इँटा दुईहजार गोटा |
| ३. | सुवास महर्जन, गछैं सतुंगल | – बालुवा दुई टिपर |
| ४. | नारायण प्रसाद श्रेष्ठ, सतुंगल | रू. ५७१५।- |
| ५. | सानुमाया महर्जन, द्योः ननी सतुंगल | रू. ५००५।- |
| ६. | हेरालक्ष्मी श्रेष्ठ, भंसा सतुंगल | रू. ५०००।- |
| ७. | शिव महर्जन, बोसी गां | रू.१०,०००।- |
| ८. | स्व. धनको पूण्य स्मृतिमा मोहनमाया महर्जन बोसीगाँ | रू. ५६००।- |
| ९. | लक्ष्मीमाया महर्जन, बोसी गाँ | रू. ५०२५।- |
| १०. | हरीकृष्ण महर्जन, बोसी गाँ | रू. ५०२१।- |
| ११. | स्व. कृष्ण बहादुर को पूण्य स्मृतिमा नानीछोरी महर्जन, बोसी गाँ | रू. ५०००।- |
| १२. | धन महर्जन धर्मस्थली | रू. ५०१०।- |
| १३. | नानी छोरी मानन्धर, टौखेल | रू. ५०११।- |
